३६८

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
**आदेश**

मु.नं. ४५०/२०७१/०७२

दोलखा जिल्ला जिरी नगरपालिका-९ बस्ने विश्वनीति प्रकाशमान सिंह पाखिन ....................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जि.वि.स. कार्यालय चरिकोट, दोलखा ..................................................१ विपक्षी
सूचना अधिकारी, जि.वि.स. कार्यालय चरिकोट, दोलखा ..................................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

दोलखा जिल्ला जिरी नगरपालिका-९ बस्ने विश्वनीति प्रकाशमान सिंह पाखिनले जि.वि.स. कार्यालय चरिकोट, दोलखा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।१८ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जि.वि.स. कार्यालय चरिकोट, दोलखाका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. आ.व.२०६६/०६७ देखि आं.व. २०७१/०७२ सम्मको म.ले.प प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।
२. मिति २०६८ देखि २०७१ सम्मको सवारी लकवुक विवरणको प्रमाणित प्रतिलिपि ।
३. मिति २०६८ देखि २०७१ सम्मको मासिक र वार्षिक खर्च फाँटवारी विवरणको प्रमाणित प्रतिलिपि ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुत्त

ईति सम्वत् २०७२ साल असार २३ गते रोज ४ शुभम् ।